मिति २०७५/०४/०२ गतेको कार्यपालिका बैठकको निर्णय

**प्रस्ताव नं.१ : विद्युत लाईन विस्तार सम्बन्धमा**

निर्णय नं.१ : प्रस्ताव नं.१ माथि छलफल गर्दा टीकापुर बहुमखी क्याम्पसको स्वामित्वमा रहेको जग्गामा बसोबास गरीरहेका सुकुम्बासी तथा मुक्त कमैयाहरुको वस्तीमा विद्युत लाईन विस्तारका लागि माग आईरहेको र उक्त विषयमा सुदुर पश्चिमाञ्चल विश्वविद्यालय, टीकापुर बहुमुखी क्याम्पसको प.सं.२०७४/७५, च.नं.१४, मिति २०७५।०४।०२ बाट उक्त क्याम्पसको जग्गामा विद्युत लाईन विस्तार सम्बन्धी प्रक्रिया अगाडि नबढाउनका लागि अनुरोध भई आएकोले यस विषयमा टीकापुर बहुमुखी क्याम्पस, टीकापुर विद्युत प्राधिकरण,स्थानीय राजनीतिक दल तथा स्थानीय प्रशासन सहित अन्य सरोकारवालाहरुसँग छलफल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२: कर्णाली मा.वि. स्थित ज्ञानी कुलोबाट भएको कटान नियन्त्रण सम्बन्धमा ।**

निर्णय नं.२ : प्रस्ताव नं. २ माथि छलफल गर्दा श्री टीकापुर नगरपालिका वडा नं. १ स्थित कर्णाली माध्यमिक विद्यालयको उत्तरपट्टी ज्ञानीकुलोद्धारा विद्यालयको पर्खालमा समेत क्षति पुग्ने गरी कटान भईरहेको हुँदा तत्काल हुन सक्ने दुर्घटनाबाट विद्यालयलाई सुरक्षित बनाउन कटान नियन्त्रणका लागि विद्यालयको प.सं.२०७४/७५, च.नं.१६७, मिति २०७५।०३।२५ को पत्र बमोजिम आ.व.२०७५/७६ का लागि विपद् व्यवस्थापन कोषबाट रु. ५ लाख विनियोजन गरी तत्काल कटान नियन्त्रणको कार्य विद्यालय व्यवस्थापन समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३ :ह्युमपाईप वितरण सम्बन्धमा ।**

निर्णय नं.३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा गत आ.व.२०७४/७५ मा खरिद भई वितरण गर्न बाँकी रहेका ह्युमपाईपहरुलाई आवश्यकता र प्राथमिकताको आधारमा वितरण गर्नका लागि माग भएका स्थानमा कार्यालयले स्थलगत अध्ययन गरी प्राविधिक प्रतिवेदन पेश गर्ने र सोही आधारमा आवश्यक निर्णय गर्न नगर प्रमुख, उपप्रमुख र पूर्वाधार विकास समितिका संयोजकलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं.४: विद्यार्थी भर्ना अभियान सम्बन्धमा ।**

निर्णय नं.४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा विद्यार्थी भर्ना विशेष अभियान २०७५ (दोस्रो चरण) कार्यान्वयन एवं सहजिकरण सम्बन्धमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा विभागको च.नं.१४०, मिति २०७५/०२/३१ को विद्याथी भर्ना विशेष अभियान -२०७५ (दोस्रो चरण) को कार्ययोजना र शिक्षा विभागबाट तयार घरधुरी सर्वेक्षण फाराम बमोजिम गरिएका नगरपालिकाको घरधुरी सर्वेक्षण फाराम आधारमा वडा नं. १ देखि ९ सम्मका विद्यालय उमेर (३-१६) वर्षका ७९३ विद्यार्थी विद्यालय बाहिर रहेको तथ्यांक प्राप्त भएकोले उक्त विद्यार्थीहरु के कति कारणले भर्ना हुन छुट भएका हुन् र त्यसको समाधानका उपाय के हुन सक्छन् भन्ने विषयमा सम्बन्धित वडा समितिले भर्ना

हुन छुट भएका वालवालिकाहरुको अभिभावकहरुसँग भेटघाट गरी सोको प्रतिवेदन आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.५: सामुदायिक चौपाया सम्बन्धमा ।**

**निर्णय नं. ५** : यस नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक चौपाया ब्यवस्थापनका लागि नगर पालिकाले पशु धनीहरुलाई अनुरोध गर्दै आएको र यसरी छाडिएका चौपाया दिनानुदिन बढ्दै गरेको परिप्रेक्षमा आ.व. ०७४/०७५ मा नगर कार्यपालिकाको कार्यालयबाट १७००(एक हजार सात सय) को संख्यामा पशु चौपाया यस क्षेत्रबाट नियमानुसार अन्य जिल्ला/क्षेत्रहरुमा पठाईएको र यस नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक पशु चौपाया ब्यवस्थापनका लागि सामुदायिक पशु चौपाया ब्यवस्थापन समिति गठन गरी सामुदायिक चौपायाहरुको ब्यवस्थापनका लागि टीकापुर नगरपालिकाको वडा नं. ५ स्थित टीकापुर नर्सरी क्षेत्र भित्र पशु चौपाया राखी ब्यवस्थापन गर्न टीकापुर नगर कार्यपालिकाको कार्यालय र उक्त समिति वीच आपसी सम्झौता बमोजिम पशुहरुको रेखदेखको ब्यवस्था मिलाईएकोमा उक्त समितिले पटक पटक मौखिक तथा लिखित रुपमा पनि नगरपालिका मार्फतनै सामुदायिक चौपायाहरुको ब्यवस्थापन गर्न अनुरोध गर्दै आएकोले हाल त्यस नर्सरी क्षेत्रमा रहेका जम्मा पशु चौपाया १२५ गोटा यस क्षेत्रबाट अन्यत्र क्षेत्रमा पठाउन गत आ.व. मा भएको संझौता र दररेट अनुसार श्री जीवन वि.क लाई कार्यादेश दिने र सम्बन्धित पशु धनी र आम नगरवासीहरुलाई यस विषयमा जिम्मेवार बनिदिन अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.६ :-आर्थिक सहायता सम्बन्धमा ।**

**निर्णय नं. ६** :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस टीकापुर नगरपालिका क्षेत्र भित्र गम्भीर प्रकृतिका रोग लागेका विरामी, विपत्तीमा परेका, दुर्घटनामा परेका तर त्यस्तो अवस्थाको सामना गर्न नसक्ने ज्यादै न्यून आर्थिक अवस्था भएकाहरुका लागि निवेदन र साथमा पेश गरेका कागजात प्रमाणका आधारमा एकपटकमा बढीमा रु.५०००/- सम्म अन्य आर्थिक सहायता शीर्षकमा विनियोजित रकमको अधिनमा आर्थिक सहयोग गर्ने अधिकार नगर प्रमुखलाई दिने निर्णय गरियो ।